## पूर्वाधार पत्रिका (जर्नल) पहिलो अङ्कको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, निर्माण व्यवसाय प्रबर्द्धन शाखाबाट प्रकाशन हुन लागेको पूर्वाधार पत्रिका (जर्नल) को पहिलो अंकका लागि देहायमा उल्लेखित बिषयक्षेत्र तथा ढाँचामा ३ हजार देखि ५ हजार शब्द सम्मको विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाहरू २०८२ साल मंसिर मसान्तभित्र यस मन्त्रालयको निर्माण ब्यवसाय प्रबर्द्धन शाखामा वा सोको विद्युतीय प्रति शाखाको इमेल ठेगाना cbps71@gmail.com मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

१.विषयक्षेत्रहरू

- यातायात पूर्वाधार
- जलविद्युत तथा नबिकरणीय उर्जा
- डिजिटल पूर्वाधार र दुरसञ्चार
- पर्यटन पूर्वाधार
- शहरी बिकास र स्मार्ट सिटीहरु
- जलश्रोत उपयोग/व्यवस्थापन
- नविन निर्माण प्रविधि र दीगो निर्माण
- पूर्वाधार निर्माणमा गुणस्तर तथा जलवायू परिवर्तन अनुकुलता
- पूर्वाधार निर्माणमा वैकल्पिक वित्त
- पूर्वाधार निर्माणमा अन्तरतह/निकायगत समन्वय र ढाँचा
- पूर्वाधारको मर्मतसंभार र दीगो उपयोगिता सहितको व्यवस्थापन
- ठेक्का व्यवस्थापन
- एकिकृत यातायात प्रणाली
- नदीजन्य र खानीजन्य निर्माण सामग्री उद्योग
- यातायात नीति तथा सडक सुरक्षा
- विकास प्रशासन तथा व्यवस्थापन,
- पूर्वाधार सम्वन्धी समसामयिक अन्य विषयहरु।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

शाखा अधिकृत

२. लेख/रचनाको ढाँचा

(क) विचारमूलक लेख/रचनाको ढाँचा

- शीर्षक(Heading)
- लेखसार(Abstract) १५० शब्द सम्म,
- शब्दकुञ्जी (Keywords) ५ शब्द सम्म,
- पृष्ठभूमि ( Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सन्दर्भ सामाग्री (References)

(ख)अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- अध्ययनको उद्देश्य (Objective of the Study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),
- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Discussion),
- निष्कर्ष (Conclusion),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References)।

३)अन्य विषयहरू

- लेखकको सङ्क्षिप्त परिचय, इमेल, मोबाइल नम्बर र फोटो उपलब्ध गराउनु पर्नेछ।
- जर्नलमा प्रकाशनका लागि पठाइने लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा(APA 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।
- लेख/रचना नेपाली भापामा भए कालीमाटी फन्ट (१२) तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट (१०) मा हुनुपर्नेछ।

अधिकृत

- नेपाली भाषाका लेख रचनाका लेखकले लेख शीर्षक (Heading) तथा शब्दकुञ्जी (Keywords) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ।
- अंग्रेजी भाषामा लेखिएका लेखहरुमा अमेरिकन वा ब्रिटिश (American or British) मध्ये कुनै एक शैली अपनाउनुपर्नेछ।
- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेवल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।
- लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल र आवद्ध संस्था भएमा सोको नाम र पद खुलाउनुपर्नेछ ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ ।

शाखा अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं